सुरक्षा र न्याय अध्ययन केन्द्र

CENTRE FOR SECURITY AND JUSTICE STUDIES

SEMINAR PAPER

# CONSTITUENT ASSEMBLY ELECTION SECURITY: CHALLENGES AND SOLUTIONS

ANANT RAM BHATTARAI
FORMER ADDITIONAL INSPECTOR GENERAL OF POLICE
NEPAL POLICE

PROGRAM SUPPORTED BY THE ASIA FOUNDATION

# संविधान सभाको निर्वाचन र सुरक्षा चुनौतिहरु*

अनन्तराम भट्टराई
पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक

२०६२/०६३ सालको जन आन्दोलनले ल्याएको राजनैतिक परिवर्तन पछी २०६४ साल चैत्र २८ गते नेपालमा पहिलो संविधान सभाको निर्वाचन सम्पन्न भयो । उक्त निर्वाचन तत्कालिन अन्तरिम संविधान बमोजिम मिश्रित निर्वाचन प्रणालि अर्थात प्रत्यक्ष तथा समानुपातिक प्रतिनिधित्वको आधारमा सम्पन्न भई उक्त संविधान सभाले २०६५ साल जेष्ठ १५ गते देखि औपचारिक रुपमा आफ्नो कार्य आरम्भ गरेतापनी अन्तरिम संविधानले तोकेको समयसिमा २ वर्ष भित्र संविधान निर्माण गर्ने कार्य गर्न नसक्दा पुनः पटक पटक गरी २ वर्षका लागि उक्त संविधान सभाको म्याद थप गरियो । यसरी थप गरिएको २ वर्ष भित्र पनि संविधान निर्माण हुन नसक्दा २०६९ साल जेष्ठ १४ गते निर्वाचित संविधान सभा स्वतः विघटन हुन पुग्यो ।

संविधान सभाको विघटन सँगै दोश्रो संविधान सभाको घोषणा भएतापनि विभिन्न राजनैतिक उहापोहका कारणका अतिरिक्त संवैधानिक जटिलता, कानूनी जटिलता, राजनैतिक पार्टिहरुमा मत्यैकताको अभाव, एक अर्का प्रतिको अविश्वास आदि विभिन्नकारणबाट नेपालको राजनीतिमा हावि मुख्य चारदल मिलि गैर-राजनैतिक चरित्रको चुनावि सरकार गठन गरी सोही सरकारले निर्वाचन गराउने निर्णय भई वहालवाला प्रधानन्यायधिशको अध्यक्षतामा सेवा निवृत्त विशिष्ट श्रेणि निजामति कर्मचारी अर्थात अवकाश प्राप्त सरकारका मुख्य सचिव, सचिव सम्मिलित मंत्रि परिषद गठन गरियो । मन्त्रिपरिषद गठन सँगै विभिन्न क्षेत्रबाट शक्ति पृथकिकरणको सिद्धान्तलाई आधारमानी व्यापक विरोध सुरु भयो ।

मुलुक धेरै लामा अबधि सम्म संविधानको अभावमा संक्रमणकालिन अवस्थामा रहेको र संक्रमणकालको नाममा कानूनी राज्यको अवधारणाबाट विचलित हुदै गएको वर्तमान अवस्थामा अब पनि संविधान निर्माण हुन नसके असफल राष्ट्रको संघारमा पुगेको नेपाल पूर्ण असफल राष्ट्र बन्नबाट जोगाउन, मुलुकलाई कानूनी राज्यको बाटोबाट हिडाउन संविधान निर्माण सकेसम्म चाडो हुनुपर्ने आजको आवश्यकता हो र यसका लागि संविधान सभानिर्वाचनका लागि निर्दिष्ट २०७० साल मंसिर ४ गते निर्वाचन सम्पन्न गर्नु मुलुकको हित र अस्तित्वका लागी पनि अपरिहार्य छ ।

एकातर्फ संविधानसभा निर्वाचन मुलुकका लागि अपरिहार्य छ भने वर्तमान अवस्थामा निर्वाचन सम्पन्न गर्न सामना गर्नुपर्ने चुनौतिहरु पनी यथेष्ट छन् । सामान्य रुपले कुरा गर्दा निर्वाचन सम्पन्न गराउन आवश्यक कुराहरु :-

(१) व्यवस्थापकिय संरचना (२) जनशक्ति (३) पूर्वाधार (infrastructure)
(४) सूचना (Information) (५) भौतिक सामाग्रिहरु हुन् ।

व्यवस्थापकिय संरचना भन्नाले निर्वाचन आयोग छ, जनशक्तिको हकमा निर्वाचन आयोगले खटाउन सक्ने पर्याप्त मात्रामा सरकारी कर्मचारीहरु छन्, पूर्वाधारको पनी कमि देखिदैन, निर्वाचनका लागी आवश्यक सूचना पर्याप्त छन् र भौतिक सामाग्रिहरु कुनै कमि हुन नदिन छिमेकि मित्र राष्ट्र सहित अन्य दात्रि मित्र-राष्ट्रहरु बचनवद्द भएको कुरा धेरै अघि देखी नै सार्वजनिक हुदै आएको छ । तर

---

* यो कार्यपत्र सुरक्षा र न्याय अध्ययन केन्द्रले मिति २०७० आश्विन २० गते आयोजना गरेको गोष्ठिमा प्रस्तुत गरिएको थियो । यस गोष्ठिका लागी दि एशिया फाउण्डेशनको सहयोग प्राप्त भएको थियो ।

कुनै पनि मुलुकमा निर्वाचनको सबैभन्दा महत्वपूर्ण र अत्यावश्यक तत्व भनेको सुरक्षा मात्र हो ।

कुनै पनि मुलुकमा निर्वाचन स्वतन्त्र, विश्वसनिय, निष्पक्ष र धाँधलि रहित रुपमा सम्पन्न गराउनु सरकारको प्रमुख दायित्व हो । सार्वभौम प्रजातानित्रक मुलुकका सार्वभौम जनताले बिना बाधा विरोध, विना दवाब, भयमुक्त वातावरणमा आफ्नो प्रतिनिधि छान्न पाउने अधिकार बारे वाद विवाद हुन सक्दैन । भौतिक साधनहरु, जनशक्ति, मतपत्र, मत पेटिका, निर्वाचन व्यवस्थापन आदीको उपलब्धता चिन्ताको विषय हुदैन तर यसको सुरक्षा नै मुख्य चिन्ताको विषय हुन जान्छ ।

निर्वाचन सम्पन्न गर्न सुरक्षाको घेरा भित्र अनिवार्य रुपमा समेटिनु पर्ने विषय बस्तु बारे संक्षिप्त विवेचना उपयुक्त होला ।

**१. उम्मेदवारको हकमा**

(क) प्रचलित ऐन कानून बमोजिम आफ्नो उम्मेदवारी मनोनयन बिना बाधा अवरोध दर्ता गर्ने अधिकार ।

(ख) आफ्नो व्यक्तिगत तथा आफु संलग्न पार्टिको नीति, अवधारणा जन साधारण बिच स्पष्ट रुपमा राख्न पाउने अधिकार ।

(ग) चुनाव प्रचार प्रसार तथा आफ्नो भनाई जनसाधारण वा मतदाता बिच राख्न निर्वाध रुपमा आवागमनको अधिकार ।

(घ) निर्वाचन नतिजा प्रकाशन पछी शान्तिपूर्ण तरिकाले विजयोत्सव मनाउन पाउने अधिकार ।

(ङ) स्वतन्त्र, विश्वसनिय, धाँधलि रहित निर्वाचन व्यवस्थापन

(च) धाँधलि रहित विश्वसनिय मत गणना र नतिजा प्रकाशन

**२. मतदाताको हकमा**

क. आफ्नो रोजाई अनुरुपको उम्मेदवारलाई भयरहित, निर्वाध रुपमा मत खसाल्न पाउने वातावरण र व्यवस्था

ख. आफूले दिएको मतको सत प्रतिशत सुरक्षा र गोपनियता

**३. विभिन्न राजनैतिक दलहरुको हकमा**

विभिन्न राजनैतिक दलहरुले आफ्नो नीति, सिद्दान्त अनुरुप राज्य व्यवस्था संचालन, संविधानका अन्तरवस्तु, राज्य संरचनाको अवधारणा आदि बारे आफ्नो दलका तर्फबाट अवधारणापत्र निर्वाध रुपमा जनता समक्ष राख्न पाउने अवस्था तथा आफ्नो दलको समर्थनमा शान्तिपूर्ण ऱ्यालि, आमसभा लगायत विभिन्न कार्यक्रम संचालन गर्न सक्ने अनुकुल अवस्था ।

**४. निर्वाचन व्यवस्थापन पक्षका हकमा**

क) निर्वाचन आयोगका पदाधिकारी लगायत कर्मचारीहरु नेपालको कुनै पनि भागमा बिना अवरोध आवत जावत, निर्वाचन तयारीको निरिक्षण, निर्देशन सुपरिवेक्षण गर्न सक्ने अवस्था ।

ख) मतदान केन्द्रमा खटिएका कर्मचारीहरु प्रचलित निर्वाचन सम्बन्धि ऐन, नियम, आदेश, निर्वाचन निर्देशिकाका अधिनमा बिना दवाव, रोकटोक स्वतन्त्रतापूर्वक कार्य गर्न सक्ने अवस्था ।

## ५. भौतिक साधन र पूर्वाधार

मतपत्र, मतपेटिका, मतदाता नामावलि लगायत मतदानमा आवश्यक विभिन्न वस्तुहरु तथा मतदानकेन्द्रको व्यवस्था ।

## ६. चुनाव पर्यवेक्षण

निर्वाचन आयोगद्धारा सार्वजनिक विवरण अनुसार राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु ५१ का करिब ७४ हजार निर्वाचन पर्यवेक्षणका लागी जनशक्ति परिचालित हुदैछन् । यिनीहरुको सुरक्षा त्यतिकै संवेदनशिल विषय हुन जान्छ । सुरक्षा सिद्धान्त अनुसार प्रत्येक वस्तु सजिव वा निर्जिव सुरक्षा चुनौति रही नै रहेको हुन्छ । प्रत्येक कुरामा सुरक्षाका लागि के के चुनौतिहरु हुन सक्छन् सो को आंकलन गरे पछि मात्र र तत-सम्बन्धि संभावित चुनौतिका सूचना (Information) संकलन गरेपछि त्यसको विश्लेषणबाट नै सुरक्षा चुनौतिको गंभिरता आकलन गर्न सकिन्छ । हाल सम्मको परिस्थिति, राजनैतिक वातावरण र राज्य संचालनको अवस्था विगतका घटनाहरुबाट भावि संविधान सभा निर्वाचनका लागि देखा परेका संभावित चुनौतिहरु निम्नानुसार हुन सक्छन् :-

## संविधान सभा निर्वाचनका चुनौतिहरु

## १. राजनैतिक पक्ष

नेपालको वर्तमान राजनैतिक परिप्रेक्षनै मुख्य चुनौतिका रुपमा देखा परेको छ । विगतमा द्वन्दरत एकिकृत माओवादी पार्टि राजनैतिक रुपमा शान्ति सम्झौता अनुरुप मुलुकको राजनेतिक मुलधारमा आई शान्ती प्रकृया अगाडी बढी रहेको र द्वन्दकालिन पूर्व छापामार लडाकुहरु हतियार सहित नेपाली सेनामा समायोजन लगायत अन्य किसिमले विभिन्न रुपमा व्यवस्थित भएको स्थितिलाई माओवादि पार्टि भित्रकै एक समुहले आत्म समर्पण भनि अस्विकार गरेको मात्र नभई उक्त पार्टिको ९० जना भन्दा बढी तत्कालिन सभासद सहित ठुलै समुह माओवादी पार्टिका सिद्दान्तकार भनिएका मोहन वैद्य “किरण” को नेतृत्वमा बेग्लै पार्टि गठन गर्न पुगेका छन् । यस समुहमा ९० जना भन्दा बढी संविधानसभा सदस्य लगायत ठुलै संख्यामा पार्टि नेता तथा कार्यकर्ता समावेश भएका कारण यस पार्टिलाई चर्चा गरिए जस्तो कमजोर ठान्न सकिदैन । यसको अतिरिक्त अन्य ३२ साना पार्टिहरु समेत सम्मिलित भई ऐक्यवद्द रुपमा भावि संविधान सभा निर्वाचन सभा बहिष्कार मात्र गर्ने नभई सो निर्वाचन हुन नदिन सबै उपाय अबलम्बन गर्ने पार्टिको आधिकारिक निर्णय नै सार्वजनिक भएको छ । उक्त पार्टिले गरेको आधिकारिक निर्णयहरुमा :

१. सबै क्षेत्रको निर्वाचन कार्यलयमा निर्वाचन अधिकृतहरु लाई निर्वाचन प्रकृया अगी नबढाउन पत्र लेख्ने ।
२. नेपाली काँग्रेस, एमाओवादी, एमाले र संयुक्त मधेसि मोर्चाका प्रमुख नेताहरुको पुतला जलाउने ।
३. निर्वाचनमा कुनै प्रकारले भाग नलिन, मत नखसाल्न अधिराज्य भरी घर दैलो कार्यक्रम संचालन गर्ने ।
४. संभावित उम्मेदवारका परिवारजनलाई आफ्नो परिवार सदस्यलाई निर्वाचनमा उम्मेदवारी नदिनका लागि भन्न लगाउने ।
५. उम्मेदवारलाई गाँउ प्रवशे गर्न निषेध गर्ने ।
६. सबै सरकारी कर्मचारीहरुलाई निर्वाचनमा सहयोग पुऱ्याउने कार्य रोक्न अनुरोध गर्ने ।
७. सुरक्षा बलहरुलाई चुनावमा सहयोग पुऱ्याउने कार्य नगर्न अनुरोध गर्ने ।

८.	निर्वाचन मिति भन्दा १० दिन अगाडी देखि निर्वाचन तोकिएको दिन सम्म १० दिन नेपाल बन्द गर्ने ।

नेपाल कम्युष्टि पार्टि-माओवादि (वैद्य) को उपरोक्त निर्णय आधिकारीक पार्टि निर्णय भनि प्रकाशमा आएको छ । यसको अतिरिक्त उक्त पार्टिका शिर्ष नेताहरुको विभिन्न समय र विभिन्न अवसरहरुमा आएको अभिव्यक्ति हेर्दा ज्यादै उत्तेजनात्मक र जन साधराणमा भय, त्रास उत्पन्न गराउने खालका देखिन्छन् । कतिपय अवसरमा भौतिक आक्रमण समेतका धम्कीयुक्त अभिव्यक्ति समेत सार्वजनिक भएका छन् । यसरी माओवादी (वैद्य समुह) द्धारा लिएको निर्वाचन वहिष्कारका नीतिका साथै कुनै हालतमा निर्वाचन हुन नदिने विभिन्न हदै सम्मका उपायहरु अवलम्बन गर्ने भन्ने कुरालाई अन्य साना ३२ दलले समेत साथ दिएको हुदा आगामि आसन्न निर्वाचनका अगाडी सुरक्षाका निमित्त गंभिर चुनौति उत्पन्न भएको छ । यसरी जनमानसमा भय त्रास फैलाउने किसिमको घटना गत भदौ २० गते बन्द अवज्ञा गरेको भन्दै धुलिखेल मिरावेल चोकमा २५ जना यात्रु रहेको बसमा यात्रु भित्रै राखी पेट्रोल छर्कि आगो लगाई दिएको र संयोगवस मात्र यात्रु भागि सुरक्षित हुन सकेको घटनाले स्पष्ट हुन्छ । यसका साथै उक्त पार्टिले आफ्ना सबै निकाय केन्द्रिय कमिटि, राज्य कमिटि, जिल्ला कमिटिहरुलाई निर्वाचन अभियान, प्रचार प्रसार, उम्मेदवारी दर्ता लगायत सबै कार्यमा बाधा उत्पन्न गर्न निर्देशन दिएको कुरा सार्वजनिक भएको छ। स्पष्ट रुपमा संभावित उम्मेदवारहरुलाई धम्कि दिने र उम्मेदवारी दिएमा कुनै पनि किसिमले निज विरुद्ध कार्यवाही गर्ने भन्ने कुरा निर्देशनमा उल्लेख भएको पनि पत्र-पत्रिकामा प्रकाशित भएका छन् ।

यसका साथै शसस्त्र दस्ता निर्माण भई रहेको कुरा पनि प्रचारमा छन् । आफ्ना योजना अनुरुपनै चुनाव विथोल्ने प्रयास स्वरुप १४ गते निर्वाचन बहिस्कारको नारा सहित विरगंजमा मार्च पाष्ट, यसैगरी अन्य ठाउँहरुमा मार्च पाष्ट, पाँचथर, कपिलवस्तु आदी जिल्लामा निर्वाचन अधिकृतलाई निर्वाचन रोक्न सचेत पत्र । यसपार्टि सँग निर्वाचन बहिष्कार र निर्वाचन आउने काममा ऐक्यवद्ध जनाएका लिम्बुवान राष्ट्रिय परिषद, लिम्बुवान मुक्ति मोर्चा लगायत आवद्य अन्य ३२ दलको गतिविधि पनी सुरक्षा चुनौतिका रुपमा देखा परेको छ । यसरी माओवादी वैद्य समुह लगायत ३३ दलको गठबन्धन उम्मेदवारी मनोनयन लगायत मतदान रोक्ने, प्रचार प्रसारमा अवरोध गर्ने, उम्मेदवार कब्जामा लिने, आतंक, भौतिक आक्रमण आदि कुनै पनि हद सम्म जान सक्ने आंकलन गर्न सकिन्छ ।

## २.	पुर्व माओवादी लडाकु

आगामि निर्वाचन सुरक्षा चुनौतिका रुपमा सेना समायोजनमा नपरेका, अगाडी नै अयोग्य घोषित भएका पुर्व माओवादी लडाकुहरुलाई लिन सकिन्छ । समायोजनमा नपरेका लडाकुहरु स्वभाविक रुपले संस्थापन माओवादीको रिसमा वैद्य माओवादी तिर आकर्षित छन् । शान्ति प्रकृयाको क्रममा तत्कालिन माओवादी लडाकुहरु सँग रहेको सबै हतियार नबुझाई कतिपय हतियार पुर्व लडाकुहरु सँगै रहेको कुरा निर्विवाद छ । त्यस बखतका हतियार बेला बेलामा लुकाएको अवस्थामा फेला परेको (केहि अघि रोल्पामा) घटनाले पुष्टि हुन्छ । यो समुह निर्वाचन शसक्त प्रतिकार गर्ने तर्फ उन्मुख र कृयाशिल रहेको र निजहरुसँग हतियार तथा हतियार संचालन लगायत विष्फोटक पदार्थको ज्ञान र निर्माण क्षमता समेत भएको हुदा सुरक्षाको दृष्टिकोणबाट गंभिर सोचाई आवश्यक छ ।

## ३.	विभिन्न शसस्त्र समुह

तराईका विभिन्न जिल्ला र केहि पहाडी जिल्लाहरुमा समेत विभिन्न नामधारी शसस्त्र समुहहरु सकृय रहेको विभिन्न घटनाले पुष्टी भएको छ। जलेश्वरमा मधेशि जनअधिकार फोरमको कार्यालयमा भएको विष्फोट, जनकपुर, विरगंजमा भएका बिस्फोटनका घटनाहरु, गत फेब्रुअरी महिनामा ३ जना सर्व साधारणको ज्यान जाने गरी बबरमहलमा भएको बिस्फोटनको घटना, कथित संयुक्त जातिय मुक्ति मोर्चा सँग सम्बन्धित ३ जना भारि मात्रामा विस्फोटक पदार्थ सहित गिरफ्तारी र विभिन्न समयमा पक्राउ परिरहेको घरेलु तथा विदेशी साना हतियारहरु आदिले केहि राजनैतिक आवरणमा र केहि आपराधिक आवरणमै विभिन्न शसस्त्र गिरोहहरुको उपस्थिति अद्ययावधि रहिनै रहेको पुष्टि हुन्छ। यस्ता गिरोहहरु सजिलै विभिन्न पक्षद्धारा निर्वाचनमा प्रयोग हुन सक्छन् जुन गंभिर सुरक्षा चुनौति हुन सक्छ।

## ४. अपराध र अपराधिको राजनीतिकरण

बिगत केहि वर्ष देखी अपराध र अपराधिको राजनीतिकरण जसरी तिब्र रुपमा मौलाउदै गएको छ, यसले भावि निर्वाचनमा मात्र नभई नेपालकै आन्तरिक शान्ति सुरक्षा लगायत कानूनि राज्यको अवधारणामा नै प्रतिकुल प्रभाव पारि रहेको छ। जनताका हितका लागि राजनीति गरेको भन्ने भ्रम छरिरहेका तथाकथित नेताहरु नै विभिन्न सांगठनिक अपराधि गिरोहका नाइके हरुलाई आ-आफ्नो पार्टि प्रवेश गराउन आतुर रहेका र निर्लज्ज तरिकाले माला पहिराउदै आफ्नो पार्टिभित्र भित्राउदै मात्र छैनन्, पुराना र इमान्दार कार्यकर्ताको मान मर्दन हुने गरी माथिल्लो हैसियतमा पुरस्कृत गर्दैछन्। विभिन्न पार्टिहरुलाई स्थापित अपराधिहरु किन चाहियो, ब्याख्या गरि रहनु आवश्यक छैन। नेपालमा भएका बिगका सबै चुनावहरुमा अपराधि बाहुबलिहरुको प्रयोग कसैबाट लुकेको छैन। यस्ता राजनैतिक शरण पाएका अपराधिहरु निर्वाचनमा सुरक्षाका लागि ठुलो चुनौतिका रुपमा रहेको छ।

## ५. अपराधको व्यवसायीकरण

दुर्भाग्यवश नेपालमा अपराधको व्यवसायकरण तिब्र रुपले बढीरहेको छ। निर्दिष्ट मोल मोलाइमा हत्या गर्ने (Contract Killing) अपराधिले ठेक्कामा लेनदेन असुल उपरगर्ने कार्य सामान्य जस्तो भइसकेको छ। यस्ता व्यवसायिक अपराधिहरु मुलुकभित्र र सिमावर्ति भारतिय क्षेत्रमा समेत सहजै उपलब्ध छन्। जुनसुकै हथकण्डा अपनाई चुनाव जित्नै पर्ने चरित्रका विभिन्न पार्टिका उम्मेदवारहरुले यसको प्रयोग गर्ने संभावना प्रबल रहन्छ।

## ६. विभिन्न पार्टिका दस्ताहरु

केहि अघि एनेकपा माओवादी पार्टिले आफ्नो युवा भातृसंगठन वाइ.सि.यल.लाई चुनाव बिथोल्नेहरुलाई गाउँबाट लखेट्ने निर्देशन दियो। यसै प्रकार आफ्नो पार्टिका लागि जुन सुकै कदम चाल्न नेपाली कांग्रेसले तरुणदललाई र एमालेले आफ्नो युथ फोर्स परिचालन सार्वजनिक नै गरेको छ। यसै प्रकारको तयारी आफ्नो युवा दस्ताहरु मार्फत मधेशवादीदलहरुले समेत गरेको बुझिन्छ। यस्ता युवा दस्ताहरुको परिचालन प्रतिकारका रुपमा भएमा निश्चित रुपले शान्ती सुरक्षामा असर पर्न जान्छ।

## ७. जातिय/धार्मिक मुद्दा

नेपालमा विभिन्न जातिजाति, जनजाति, विभिन्न धर्म प्रति आस्था राख्ने विभिन्न धर्मावलम्बिहरु एक आपसमा गहिरो सामाजिक सम्बन्ध र सौहाद्रता पूर्वक, एक अर्काको सहयोगीको रुपमा रहदै आएकोमा संघियताको आवरणमा जातिय राज्यको विजारोपाणले विभिन्न जाति जाति बिच विभाजन र

वैमनष्यता, आदिवासी प्रवासी आदि विभेद, एक अर्काप्रति शत्रुवत अभिव्यक्ति, एक जातिले अर्कोजातिलाई लखेटनु पर्दछ, एक धर्मावलम्बी अर्को धर्मावलम्बि प्रति शत्रुवत व्यवहार जस्ता अभिव्यक्ति र कृयाकलापहरु (उदाहरण स्वरुप पशुपति मन्दिर परिसर भित्र हिन्दु सनातन धर्म विरोधि पर्चा पम्प्लेट वितरण तथा चर्चमा विष्फोटन गराई एक व्यक्तिको हत्या) विगतमा देखियो । यस्तो विद्धेषपूर्ण बिजारोपाणले जात जाति बिच, विभिन्न धर्मावलम्बि बिच वैमनष्यता बढाउने प्रयास भई नै रहेको हुदा यसको असर निर्वाचनका विभिन्न तह (Stage) मा नपर्ला भन्न सकिदैन । ऐले नै विभिन्न स्थानहरुमा विभिन्न पार्टिका संभावित उम्मेदवार चयनमा जातिय मुद्दा उठेको पत्र पत्रिकामा प्रकाशित भएका छन् र आफ्ना नेताहरु सँग आक्रोसित भएका कुरा समेत सार्वजनिक भएबाट यस्तो प्रवृत्ति सुरक्षाका लागि चुनौति पूर्ण रहेको छ ।

## ८. दलगत प्रतिस्पर्धा

विगतका चुनावहरुको अनुभवले चुनाव प्रचार प्रसारका क्रममा हुने उत्तेजक आरोप प्रत्यारोप, चुनाव प्रचारको तरिका र किसिम आदिका कारणबाट ज्यानै लिने सम्मका घटनाहरु समेत पनि भएका छन् । प्रचार प्रसारका क्रममा विभिन्न पक्षहरु बिच झडप, कुनै पार्टि विशेषको बाहुल्यता भएको क्षेत्रमा अन्य पार्टि उम्मेदवार, पार्टि कार्यकर्तालाई प्रवेशमा अवरोध पुऱ्याउने प्रयास आदि खास गरी तराई क्षेत्रमा उल्लेख्य मात्रामा हुने गरेको बिगका चुनावका अनुभवहरुले देखाएको छ ।

## ९. कर्मचारी संगठनहरु

प्राय सबै ठुला पार्टिहरुको सरकारी कार्यालय, अर्ध सरकारी कार्यालय, सरकार अधिनस्थ संस्थानहरु सबैमा आफ्नो भातृ संगठनकै हैसियतमा कर्मचारी संघ संगठनहरु कार्यरत छन् । सरकारी कर्मचारीहरु कुनै राजनैतिक संघ संस्थामा आवद्य हुन नहुने सर्वमान्य मान्यता भएतापनि यहाँ प्रत्यक्षतः राजनैतिक पार्टिसँग आवद्य छन् । विभिन्न निर्वाचन क्षेत्र, निर्वाचन वुथहरुमा खटिने लगायतका कार्य यिनै कर्मचारीहरु बाट हुने हुदा यिनीहरु आफु संलग्न राजनैतिक पार्टिहरु प्रति बफादार हुन स्वभाविकै हुन जान्छ र यस्ता कर्मचारीको कृयाकलापले कुनै पार्टि प्रति झुकाव देखीएमा अर्को पक्षले स्वभाविक रुपमा प्रतिकार गर्ने हुदा यस्ता कर्मचारीहरु बाट सुरक्षा खतरा उत्पन्न हुने संभावना रही नै रहन्छ ।

## १०. निर्वाचन आचार संहिताको उल्लंघन

निर्वाचन आयोगले निर्वाचन प्रकृयाको सुरुवात सँगै निर्वाचन प्रकृया पुरा नभए सम्मका लागि निर्वाचन आचार संहिता लागु गरेको छ । यसरी लागु गरिएको आचार संहिता ;

राजनैतिक, उम्मेदवारहरु र प्रतिनिधिहरु, राजनैतिकदल वा उम्मेदवारका तर्फबाट प्रचार प्रसारमा संलग्न व्यक्तिहरुले, नेपाल सरकारले, कर्मचारी (सरकारी अर्ध सरकारी, स्थानिय निकाय तथा निर्वाचनमा संलग्न) हरुले, आम संचार माध्यमहरुले र गैर सरकारी संस्थाहरुले समेत अक्षरसः पालना गर्नुपर्ने कुराको सूचना सार्वजनिक गरेको छ । यसरी प्रकाशित आचार संहिता कुनै पक्षबाट पनि उल्लंघन गरेमा यसैलाई निहु बनाई तनाव उत्पन्न हुने हुन्छ ।

## ११. खुला अन्तर्राष्ट्रिय सिमाना

पुर्व मेचि देखि पश्चिम महाकालि सम्म छिमेकि भारतसँगको खुला सिमाना सुरक्षाको दृष्टिकोणबाट निकै चुनौतिपूर्ण रहेको छ । भारततर्फ अवैध घरेलु हतियार सहजै प्राप्त हुन सक्ने कुरा

भारतिय संचार माध्यमहरुबाट नै जानकारी हुदै आएको छ। केहि अघि सिमावर्ति भारतिय क्षेत्रमा अवैध अधिकार कारखाना समातिएको समाचारले भारतिय सिमावर्ति सिमावर्ति क्षेत्रमा अवैध हतियार सहजै उपलब्ध हुने अनुमान गर्न सकिन्छ। तराई क्षेत्र र राजधानिमा समेत विगतमा प्रहरी कार्यवाहिमा यस्ता हतियारहरु प्रसस्तमात्रामा समातिएका छन्। तराईका सिमावर्ति जिल्लाहरुमा विगतका प्राय सबै चुनावहरुमा घरेलु हतियारको ब्यापक प्रयोग देखिएबाट र यस्तो खुला र लामो नाकाहरु पुरै निगरानिमा राख्न असंभव प्राय हुने हुदा पनि सुरक्षाका लागी चुनौती हुने गरेको छ। दक्षिणतर्फको तुलनामा उत्तरी सिमाक्षेत्रबाट व्यापक रुपमा अवैध हतियार भित्रने जानकारी नभएतापनि बेला बखत चिन निर्मित साना हतियारहरु पक्राउ परेका घटनाले उत्तरी सिमाक्षेत्रबाट पनि अवैध हतियार भित्रने संभावना रही रहेको नै देखिन्छ।

१२. **प्राकृतिक चुनौति**

मङसिर महिना अत्याधिक जाडो हुने समय भएको हुंदा स्वभाविक रुपले जाडोको असर उच्च पहाडी हिमाली भेगमा हुने र जाडो मौसममा उच्च पहाडी भेगका बासिन्दा परम्परागत रुपमा कम जाडो हुने तल्लो बेसी भेगमा बसाई सर्ने हुदा उच्च पहाडी भेगका बासिन्दा निर्वाचनमा मतदान गर्नबाट बंचित हुने कारणबाट निजहरु असंतुष्ट हुने संभावना रहन्छ।

माथि उल्लेख गरिएका सुरक्षा चुनौतिहरु बाहेक अन्य दृष्य अदृष्य चुनौतिहरु व्यापक हुन सक्छन्। कुनै पनि मुलुकको सुरक्षा अवस्था स्थिर (Static) हुन सक्दैन सुरक्षा परिस्थिति चलायमान (Dynamic) हुन्छ। सुरक्षा अवस्था स्थान विशेष, समय विशेष, तत्कालिन परिस्थिति, तत्कालिन परिवेश, जनसाधराण, सामाजिक संरचना, विभिन्न गुट उपगुट, तत्कालिन काम कार्यवाहिको अवस्था आदि अनगिन्ती कारणहरुमा भर पर्दछ। आजकै अवस्था भोलि पनि रहन्छ, अझै अहिलेकै अवस्था पछिल्लो क्षण सम्म रहि रहन्छ भन्न सकिदैन। तसर्थ सुरक्षाका यावत धम्की (Threat) र चुनौतिहरु सबै अग्रिम आंकलन गर्ने कार्य निकै नै जटिल कार्य हुन जान्छ। नेपालमा वालिग मताधिकारका आधारमा भएको २०१५ को पहिलो संसदिय चुनाव र पछी २०३७ सालको जनमत संग्रह निर्वाचन हुदै २०६४ सालको संविधान सभा निर्वाचन सम्मको अनुभवले माथि उल्लेख गरिएका बाहेक विभिन्न घटनाहरुको कारणहरुबाट समेत शान्ति सुरक्षामा गहन असर परेको अवस्था देखा परेको छ।

उदाहरणस्वरुप निर्वाचन अधिकृत वा निर्वाचनमा खटिएका कर्मचारीको पार्टि विशेष सँगको संलग्नता वा पार्टि विशेषलाई विभिन्न किसिमको सहयोग (Favor) का कारणबाट अन्य विपक्षि पार्टिहरुको उग्र विरोधले शान्ति सुरक्षामा असर परेको र ठुलो सुरक्षा चुनौति व्यहोर्नु परेको घटनाहरु विगतमा देखिएका छन्। यस्तै निर्वाचनको समयमा आफूले समर्थन गरेको पार्टि र अन्य विपक्षि पार्टि समर्थितहरु बिच जति निर्वाचन मिति नजिकिदै जान्द, जति प्रचार प्रसार तिब्र हुदै जान्छ त्यतिकै आपसि वैरभाव बढ्दै जाने अवस्था हुन्छ। विगतका चुनावहरुमा खास गरि तराई क्षेत्रमा विपक्षि खेमाका पार्टि कार्यकर्ता, समर्थक वा संभावित मतदाताहरु समेतलाई अमुक बाटो हिडन नदिने, अवरोध गर्ने, धारा, इनार कुवामा पानि लिन नदिने, विपक्षि समुहको गाई भैसी आदिले आफ्नो खेतवारीमा खुट्टामात्र टेक्दा पनि त्यसैलाई निहु बनाई मारपिट गर्ने सम्मका घटनाहरु देखिएको छ।

उल्लेखित यावत सुरक्षा चुनौतिहरु रहि रहेता पनि कुनै पनि प्रजातान्त्रीक मुलुकमा सरकार संचालन बालिग मताधिकारका आधारमा निर्वाचित जन प्रतिनिधिबाट मात्र हुने कुरा शास्वत सत्य हो। मतदाताको मताधिकारको सुरक्षाको सतप्रतिशत प्रत्याभूति गर्दै निर्वाचन निष्पक्ष, विश्वसनिय र धाधलि

रहित शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउनु सरकारको प्रमुख दायित्व हो ।

**उपरोक्त सुरक्षा चुनौतीहरुलाई प्रतिकार गर्ने उपायहरु**

१. नेकपा माओवादि वैद्य समुहबाट चुनाव बहिष्कार तथा चुनाव हुन नदिने विभिन्न हदै सम्मका उपायहरु अवलम्बन गर्ने निर्णयबाट उत्पन्न हुने सुरक्षा चुनौति नितान्त राजनैतिक कारणबाट हुने समस्या भएको हुदा राजनैतिक रुपमै समाधान खोज्नु उपयुक्त हुन्छ । राजनैतिक समाधान खोज्ने तर्फ भन्दा यसकालागि सुरक्षा बल प्रयोग गर्ने अवस्थाले थप मुठभेड श्रृजना भई ठूलो धनजनको क्षति हुने र समस्या थप चर्कने संभावना रहने हुदा यस तर्फ समयमै ध्यान पुऱ्याउनु आवश्यक छ ।

२. विभिन्न सशस्त्र समुहद्धारा हुने सुरक्षा चुनौति सम्बन्धमा समयमै र निरन्तर रुपमा गोप्य (Intelligence) सुचना संकलन कार्य प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिनु आवश्यक छ । यसका निमित्त राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरी शसस्त्र प्रहरी र नेपाली सेना समेतको सूचना संकलन इकाई (Intelligence Unit) लाई सशक्त रुपले परिचालन गरी सुन्य सहनशिलता (Zero Tolerance) अपनाई कानूनि कार्यवाहि गरीनु पर्दछ ।

३. अपराध र अपराधिको राजनीतिकरणले पनी ठूलो समस्या उत्पन्न गरेको माथि नै उल्लेख गरिएको छ । यसका लागि स्थापित अपराधिहरुलाई निरन्तर निगरानी (Continuous Surveillance) मा राखी निजहरुको कृयाकलाप संदिग्ध देखिएमा नियन्त्रणमा लिइनु पर्दछ । यस्तो कार्यमा आइपर्ने राजनैतिक दवाबको कठोरता साथ सामना गर्नुपर्दछ । तथा तत्काल कानूनी कार्यवाहि आवश्यक हुन्छ ।

४. विभिन्न पार्टिका युवा दस्ताहरुको प्रयोग राजनैतिक आवरणमा हुने हुदा ठुला राजनैतिक पार्टिहरुसँग समन्वय गरी यस्ता युवादस्ताहरु परिचालनले मुठभेट निम्त्याउने हुदा र यस्तो मुठभेट निर्वाचनमा गंभिर असर पर्ने हुदा परिचालन नगर्न मान्य गराउने प्रयत्न सरकार र निर्वाचन आयोगले गर्नु आवश्यक छ । यस्तो दस्ताहरुबाट अमान्य र अवैध कार्य भएमा तत्काल नियनत्रणमा लिने ब्यवस्था मिलाउनु अवाश्यक छ ।

५. जातिय-धार्मिक मुद्दाबाट हुन सक्ने सुरक्षा खतरा बारे नागरिक समाज, विभिन्न सामाजिक संघ संस्था, राष्ट्रिय-अन्तराष्ट्रिय सरकारी गैर सरकारी संघ संस्था आदिहरु परिचालन गरी सचेतना बढाउने तथा यस तर्फ पनि विभिन्न सुरक्षा निकायका सूचना संकलन संयन्त्र (Intelligence Collection) परिचालन गरी यस्तो कार्यमा भड्काउने-उक्साउने व्यक्ति पहिचान गरी नियन्त्रणमा लिन आवश्यक छ ।

६. दलगत प्रतिस्पर्धाका कारण प्रचार प्रसारका क्रममा हुने झडप रोक्न स्थानिय प्रशासन विशेष सतर्क रहनु आवश्यक छ । एकै दिन एकै समय एकै ठाउँमा चुनावि सभा गर्न इजाजत नदिने, प्रचार प्रसारका क्रममा हुने ऱ्यालि आदि विभिन्न पार्टिहरुलाई विभिन्न ठाउ निर्धारण गर्ने र प्रत्येक यस्ता ऱ्याली आम सभामा सुरक्षादस्ताको बाक्लो उपस्थिती गराउने कार्य हुन आवश्यक छ ।

७. राजनैतिक पार्टिहरुका भातृ संगठनका रुपमा रहेका विभिन्न कर्मचारी संगठनका सदस्यहरुलाई चुनावि कार्यमा नखटाउने नीति अवलम्बन गरेमा राजनीति पार्टिहरु प्रति प्रत्यक्ष रुपले संलग्न कर्मचारीको व्यवहारबाट हुने सुरक्षा चुनौति निश्चित रुपले कम हुने हुंदा यसतर्फ ध्यान दिनु आवश्यक छ ।

८. निर्वाचन आधार संहिताको उल्लंघनबाट हुन सक्ने सुरक्षा चुनौति आचार संहिताको अक्षरस पालनाबाट समाप्त गर्न सकिन्छ । सम्बन्धित सबै निकायहरु आचार संहिताको पालना भए नभएको तर्फ निरन्तर पर्यवेक्षणमा रहने र उल्लंघन भएको भेटिएमा तत्काल प्रचलित ऐन बमोजिम कार्यवाहि गर्ने ।

९. पुर्व माओवादी लडाकुहरु गंभिर रुपमा सुरक्षा चुनौतिका रुपमा रहेको माथि नै उल्लेख गरिएको छ । तत्कालिन संयुक्त राष्ट्र संघिय शान्ति सेना अनमिन (UNMIN) द्धारा छानविन गरीएको योग्य-अयोग्य लडाकुहरु, नेपाली सेनामा समायोजनका साथै आफुखुसी समायोजन बाहिर रहेका लडाकुहरु, निश्चित रकम लिई स्वतन्त्र जिवन यापन गर्ने भनि निस्किएका पुर्व लडाकुहरु सबैको अद्यावधिक अभिलेख सरकारसँग रहेकै हुनु पर्दछ । सोहि अभिलेखका आधारमा त्यस्तै पुर्व लडाकुहरुको निरन्तर निगरानी (Surveillance) मा राखी रहने, सुरक्षा निकायहरुबाट निजहरुको गतिविधि संदिग्ध देखीएमा तत्काल नियन्त्रणमा लिने व्यवस्था मिलाउनु पर्दछ ।

१०. दक्षिण तर्फको खुला सिमाना ठुलो चुनौतिका रुपमा रहेको सर्व विदितै छ । खुला सिमानाबाट हुन सक्ने हतियार वसार पसार तथा अपराधि आवत जावत उपर सिमावर्ती सुरक्षा दस्ताहरुद्धारा निगरानी र सिमावर्ती भारतिय प्रहरी सँग व्यापक समन्वय नितान्त आवश्यक छ ।
समष्टी रुपमा निर्वाचन सूरक्षा चुनौति सामना गर्न प्रचलित ऐन कानून बमोजिम सुरक्षामा असर पर्ने कुनै पनि गतिविधि, काम कार्यवाहि आदिमा शुन्य शहनशिलता (Zero Tolerance) राखी, दण्डहिनताको अवस्था आउन नदिने स्पष्ट र कडा नीति लिई सोही अनुसार काम कार्यवाही अघि बढाएमा आगामि निर्वाचनमा सुरक्षा चुनौतिहरु न्यून गर्न सकिने हुन्छ ।

## सुरक्षा व्यवस्थापन (Security Management)

सैद्धान्तिक रुपमा आगामि निर्वाचन सुरक्षा व्यवस्थापन गर्दा सम्पूर्ण निर्वाचन प्रकृयालाई तिन चरण विभाजन गरिनु आवश्यक छ ।

१. मतदान पूर्व, निर्वाचन सम्बन्धि तयारीको चरण
२. मतदानका लागि निर्दिष्ट दिन
३. मतदान कार्य पछीको प्रकृया अन्त्य सम्मको अवस्था

**१. मतदान पूर्व, निर्वाचन सम्बन्धि तयारीको चरण**

मतदानपूर्व निर्वाचन सम्बन्धि चरणदेखि नै सुरक्षा व्यवस्था शसक्त बनाउदै लैजानु नितान्त आवश्यक छ ।

यस चरणमा :

१. निर्वाचन कार्यलयहरु स्थापना
२. उम्मेदवार मनोनयनको व्यवस्था
३. उम्मेदवार तथा पार्टिहरुको प्रचार प्रसार
४. मतदान केन्द्रको निर्माण
५. आवश्यक सामानहरु, मतपेटिका, मतपत्र, मतदाता सूचिलाई आवश्यक सबै सामानहरुको समयमै आपुर्ति
६. निर्वाचन सम्बन्धि आचार संहित पालना भए नभएको सुपरिवेक्षण आदि आदि ।

**२. मतदानका लागि निर्दिष्ट दिन**

१. मतदान केन्द्र
२. गोप्य भरपर्दो कोठा, स्थान
३. मतदानको बिना अवरोध पहुँच
४. मतपत्र लगायत आवश्यक सामान
५. मतदाताहरुको लाइन
६. निषेधित गतिविधिको निगरानी, आदि

**३. मतदान कार्य पछीको प्रकृया अन्त्यसम्मको चरण**

१. मतपेटिका मत गणना स्थल सम्म पहुँच
२. मत गणना
३. मत नतिजा प्रकाशन
४. विजय जुलुस, सभा आदि

उल्लेखित सबै चरणमा सुरक्षाको भरपर्दो ब्यवस्था आवश्यक र महत्वपूर्ण छ । निर्वाचनको प्रकृयाको सुरुवात सँगै निर्वाचन हुनै नदिने समुहबाट गरीने विभिन्न कार्यवाहीको शसक्त प्रतिकार गर्न नसकेमा सम्पूर्ण निर्वाचन प्रकृया नै प्रभावित हुन  जान्छ । निर्वाचन अधिकृतहरुलाई धम्कियुक्त पत्र पठाउने कार्य सुरु भई सकेको छ । उम्मेदवारी मनानयका विरुद्ध धम्कि दिने कार्य पनी भईनै राखेको अवस्था छ ।

चुनाव प्रचार प्रसारमा सुरक्षा महत्वपूर्ण हुन्छ । विभिन्न पार्टिहरु बिचको आरोप-प्रत्यारोप यस चरणमा उत्सर्गमा पुगेको हुन्छ, जस्ले कुनै पनि बखत झडप भई अप्रिय घटना घटन् जान्छ । यसै गरी मतपेटिकामा मतपत्र सुरक्षित साथ सम्बन्धित ठाउँमा पुऱ्याउनु आवश्यक छ । मतदानकेन्द्रको सुरक्षा, मतदातको सुरक्षा, मतदानमा खटिने कर्मचारीको सुरक्षा बिना विष्पक्ष चुनावको कल्पना गरिदैन । मतदान कार्य पछी मत गणना स्थलको सुरक्षा विश्वसनिय मत गणना, नतिजा प्रकाशनमा समेत सुरक्षाको भरपर्दो व्यवस्था आवश्यक छ । नतिजा प्रकाशन पछी विजयि र पराजित पक्ष बिचको मुढभेडको संभावना पनी प्रबल रहन्छ ।

यसरी सुरक्षाको प्रबन्धलाई तिन भागमा विभाजित गरिनु आवश्यक छ ।

१. स्थिर (Static)
२. चलायमान (Mobile)

३.    जगेडा (Reserve)

**स्थिर (Static)**

निर्वाचन सामाग्रिहरु राखीएको स्थान, निर्वाचन कार्यालय, मतदान केन्द्रमा स्थिर सुरक्षाको आवश्यकता छ ।

**चलायमान (Mobile)**

चुनाव प्रचार प्रसार क्षेत्र, चुनावि सभा हुने क्षेत्र, मतदान केन्द्र सम्मको पहुँचका बाटाहरुमा सुरक्षा पिकेट तथा चलायमान (Mobile) सुरक्षा दस्ता आवश्यक हुन्छ ।

**जगेडा सुरक्षा दस्ता (Reserve)**

स्थिर वा चलायमान सुरक्षा दस्ताको काबु बाहिरको स्थितिमा सुरक्षा प्रदान गरि स्थिती नियन्त्रणमा लिन जगेडा सुरक्षा दस्ताको बलियो उपस्थिति अत्यावश्यक हुन्छ ।

आगामि निर्वाचनका लागी नेपालमा मिलाइएको सुरक्षा व्यवस्था सम्बन्धको पूर्ण योजना सार्वजनिक भएको छैन तापनी संचारमाध्यममा आएका समाचार अनुसार नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी तथा राष्ट्रिय अनुसन्धान लगायत सबै सुरक्षा निकायहरु परिचालित हुने छन् । प्राप्त सूचना अनुसार नेपाली सेनाका ६१,०००, नेपाल प्रहरीका ५६,०००, शसस्त्र प्रहरीका २०,००० र म्यादी प्रहरीका ४५,००० गरी १,८२,००० (एक लाख बयासी हजार) सुरक्षा कर्मिहरु चुनाव सुरक्षाका लागी खटिने छन् । यस संख्यालाई कम मान्न सकिदैन । तथा नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरीको क्षमता माथि प्रश्न गर्न पनी सकिदैन । तर म्यादि प्रहरी कतिको प्रभावकारी हुन सक्छन् भन्ने कुरा भने शंकाको घेरामौ रहन्छ । म्यादि प्रहरीबारे केही चर्चा गर्नु उपयुक्त नै  हुनेछ ।

**म्यादी प्रहरी**

नेपालमा निर्वाचन सूरक्षाका लागि म्यादि प्रहरीको अवधारणा २०३७ सालको जनमत संग्रहमा आएको हो । जनमत संग्रह घोषणाको अवस्थामा नेपाल प्रहरीमा ऐले ६७ हजारमा तुलनामा १३ हजार भन्दा कम मात्र प्रहरी जनशक्ति रहेको र तत्कालिन शाही नेपाली सेनालाई प्रत्यक्षरुपमा जनमत संग्रह निर्वाचनमा नखटाउने नीति रहेको हुदा अवकास प्राप्त नेपाली प्रहरी, शाही नेपाली सेना, भारतिय सेनाबाट अवकास पाएका नेपाली तथा बेलायति सेनाबाट अवकास पाएका नेपालीहरुलाई म्यादि प्रहरीको रुपमा भर्ना गरी सुरक्षाकार्यमा लगाइएको थियो । त्यस समय पहाडी जिल्लाहरुमा २ जना वहालवाला प्रहरी र ३ जना म्यादि प्रहरीलाई सुरक्षाकार्यमा खटाइएको थियो । त्यसबखत आ-आफ्नो पक्षको सुरक्षामा सम्बन्धित पक्षधरहरु नै सचेत रहेको र भर्ना गरीएका पूर्व प्रहरी कर्मचारी तथा सेना कर्मचारी अपेक्षाकृत अनुशासित रहेको हुदा म्यादी प्रहरीबाट पनी आशातित सहयोग प्राप्त हुन सक्यो । त्यस पछीका विभिन्न चुनावहरुमा पनी म्यादी प्रहरी लिइएता पनी क्रमश: यस्ता म्यादी प्रहरी बाट आशातित कार्य हुन सकेन ।

हालै पनी विगतका अनुभवका आधारमा म्यादी प्रहरीबाट सुरक्षा हुन नसक्ने र यहि टोली सुरक्षा चुनौति हुन सक्ने भन्ने निर्वाचन आयोगको भनाई सार्वजनिक भएको  छ । तर पर्याप्त मात्रामा सुरक्षाकर्मि पुर्‍याउन नसकिने, नेपाली सेनालाई प्रत्यक्ष संलग्न नगराई पृष्ठबल (Back Force) र

अत्यावस्यक अवस्थामा प्रयोग गर्ने नीति भएको, म्यादी प्रहरी लिदा राम्रो जाँचबुझ गरी मात्र लिने सरकारको आश्वासन पछी मात्र सूरक्षामा खटाउन निर्वाचन आयोग मन्जुर भएको कुरा सार्वजनिक भएको छ । पुर्व सेना र सुरक्षा निकायका कर्मचारीमात्र नभई जो पनी म्यादी प्रहरीमा भर्ना हुन सक्ने वर्तमान व्यवस्थाले यिनीहरुको सेवामा पूर्ण भरपर्न सकिने अवस्था देखिदैन ।

**सुरक्षाको दायित्व**

निश्चित रुपमा कुनै पनि मुलुकमा शान्ति सुरक्षाको मुलभुत दायित्व तत् मुलुकमा कार्यरत विभिन्न सुरक्षा निकायहरुको नै हो । तर विशेष परिस्थिति र विशेष अवस्था र राष्ट्रिय महत्वको निर्वाचनका अवसरमा सुरक्षा व्यवस्था बनाई राख्ने दायित्व अन्य विभिन्न वर्गको पनी हुन आउछ । यसमा प्रमुख रुपमा निम्नानुसार लिन सकिन्छ ।

**१. राजनैतिक दल र व्यक्तिहरु :**

साच्चै भन्नुपर्दा निर्वाचनमा शान्ति सुरक्षा कायम राख्ने प्रमुख दायित्व जनताका लागी राजनीति गर्ने भन्ने राजनैतिक दल र नेताहरुकै हुन आउछ । चुनाव जसरी पनी जित्नु पर्छ भन्ने मानसिकता नराखी कानूनन कृयाकलाप र व्यवहार गर्ने, अपराधि र अपराध प्रवृत्तिका व्यक्तिहरुलाई प्रोत्साहन नगर्ने, अवैध कृयाकलाप दुरुत्सहित गर्ने, प्रचार प्रसार कार्यलाई अनुशासित र संयमित बनाउने, विपक्षिसँग हदैसम्मको प्रतिशोधको भावना नराखी स्वच्छ वातावरण बनाउन राजनैतिक दल र दलका नेता लागि पर्ने हो भने ९०% नब्बे प्रतिशत सुरक्षा चुनौति स्वतः समाप्त हुन्छ । तर दुर्भाग्यवस दक्षिण एशियाली मुलुकको राजनीतिमा अपराधिकरण र बाहुबल कै बाहुल्यता भएको र नेपाल पनि यसबाट अछुतो नरहेको हुदा यो कोरा कल्पना मात्र हुन जान्छ । राजनैतिक दलहरु निर्वाचन आयोगद्धारा निर्धारित आचार संहिताको पूर्ण पालनामा बसे मात्र पनि सुरक्षालाई ठुलो सहयोग पुग्न जान्छ ।

**२. नागरिक समाज**

निर्वाचनमा शान्ती सुरक्षा कायम राख्न नागरिक समाज पनी कारगर हुन सक्छ । नागरिक अगुवाहरुले सुरक्षाको महत्व र आवश्यकता सम्बन्धि जनचेतना बढाउन ठुलो भूमिका निर्वाह गर्न सक्दछन् ।

**३. राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु**

राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले सुरक्षा सम्बन्धि गोष्ठी, छलफल, वादविवाद आयोजनाका साथै सुरक्षता सचेतना बढाउन ठुलो मद्दत पुऱ्याउन सक्दछन् ।

**४. विभिन्न संचार माध्यमहरु**

छापा तथा विद्युतिय संचार माध्यमहरुको शान्ति सुरक्षा कायम राख्न अहम भूमिका हुन्छ । संयमित र शान्ति सुरक्षामा प्रतिकुल असर पर्ने, उत्तेजनामुलक समाचारहरुको प्रकाशन प्रसारणले परिस्थितिलाई बढी उत्तेजक र हिंसात्मक बनाउन आयोमा घिउको काम गर्न सक्छ भने उत्तेजक परिस्थितीलाई साम्य बनाउन पनि संचार माध्यमहरु सक्षम हुन सक्छन् । तसर्थ संचार माध्यमहरुको प्रयास शान्ति सुरक्षा कायम राख्न महत्वपूर्ण हुन्छ ।

**५. राष्ट्रिय अन्तराष्ट्रिय पर्यवेक्षण समुह**

निर्वाचनको निष्पक्षता पर्यवेक्षणका लागी राष्ट्रिय अन्तराष्ट्रिय गरी ५२ संघ संस्थाहरुका करिब ७५ हजार पर्यवेक्षकहरु अधिराज्य भरी खटिने कुरा निर्वाचन आयोगद्धारा सार्वजनिक भएको छ । शान्ति सुरक्षा कायम राख्न यस्ता पर्यवेक्षकहरुले समेत विभिन्न उपायहरुद्धारा सहयोग पुर्‍याउन सक्दछन् ।

उपसंहार

निष्पक्ष, विश्वसनिय र धाधलिरहित निर्वाचनको सफलता वा असफलता सरकारका सुरक्षाबलहरुले सुरक्षा चुनौतिका विभिन्न तत्वहरुसँग कस्तो प्रकारले सामना गर्दछ भन्ने कुरामा भरपर्दछ । ठुलो चुनौति राजनीतिमा अपराधिकरणनै भएको हुदा राजनैतिक दल र अपराधि बिचको सम्बन्धलाई अगाडी जन समुह माझ ल्याउन सकिन्छ सकिदैन, अहिले मुलुकले व्यहोरी रहेको चरम दण्डहिनताको स्थितिलाई अन्त्य गर्न सरकार सक्षम छ वा छैन भन्ने कुरा महत्वपूर्ण छ । विगतमा जस्तो सुकै जघन्य अपराधिहरुको मुद्दा राजनैतिक आवरणमा फिर्ता गर्ने, माफि दिने आदी कुत्सीत कार्यले यसै पनी अपराधिहरुको मनोबल बढाएको अवस्था छ ।

प्रत्येक निर्वाचन क्षेत्रवा मतदान केन्द्रहरुको परिस्थीति निशिचती रुपले स्थिर  हुदैन । यो क्षण क्षणमा बदली रहन सक्छ र परिस्थितिको तात्कालिन उपजले नै सुरक्षा स्थिति निर्धारण गर्छ । तसर्थ योजना (सुरक्षा) चाडो चाडो नै बदलिनु पर्ने स्थिति आउन सक्छ वा प्रारम्भमा अथवा योजनाकालमा प्राथमिकतामा परेको सूरक्षा चुनौती पछी चुनौती नहुन सक्छ वा प्रारम्भिक सुरक्षा अवधारणानै परिवर्तन गर्नु पर्ने हुन सक्छ ।

प्रभावकारी सूरक्षा योजना विविध क्षेत्रका विज्ञ र विविध क्षेत्रका सूचना (Information) मा आधारित विश्लेषणबाट हुन आवश्यक छ । सरकार, निर्वाचन आयोग र विभिन्न सुरक्षा निकाय बिच उच्चस्तरिय संवाद र सहकार्य निर्वाचन प्रकृयाका प्रत्येक चरणहरुमा निरनतर रुपमा भइनै रहनु पर्दछ । सुरक्षा योजना घटना पछीको प्रतिकृया (Reactive) रणनीति (Strategy) मात्र आधारित हुन हुदैन । आसन्न सुरक्षा चुनौतिको विविध पक्षको पुर्वानुमान सुरक्षा चुनौति उत्पन्न हुने संभाविनाको रणनैतिक प्रतिकार संयुक्त रुपमा गर्न निर्वाचन आयोग, सरकार र सबै सुरक्षा निकायको सँगै र निरन्तर सहकार्य अत्यावस्यक छ ।

**सन्दर्भ सामग्री**

१. प्रहरी अधिकृतहरुसँग संवाद
२. निर्वाचन आयोग, संविधान निर्वाचन २०६४
३. NEMA, संविधान निर्वाचन २०६४ पर्यवेक्षण प्रतिवेदन
४. DEAN, संविधान निर्वाचन २०६४ पर्यवेक्षण प्रतिवेदन
५. विभिन्न पत्र पत्रिका